फलेवास नगरपालिका, खानीगाउँ, पर्वत

# नगर कार्यपालिकाको बैठक

२०७९।१०।०६

**निर्णयहरू**

१. पर्वत जिल्लाबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित माननीय सांसद् श्री पदम गिरी नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रीमा नियुक्त हुनुभएकोमा माननीय मन्त्रीज्यूमा हार्दिक बधाई सहित उहाँको सफल कार्यकालको शुभकामना व्यक्त गर्ने ।

२. मिति २०७९ भाद्र २५ गतेको नगर कार्यपालिकाको बैठकका निर्णयहरूमध्ये निर्णय नं. १३ मा फलेवास नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को दफा ९६(१) संशोधन गरी दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण र मालसामान सोझै खरिद गर्न सकिने निर्णय भएकोमा उक्त दफा बमोजिम हालसम्म कार्यान्वयन भएका कार्यहरू सोही निर्णय बमोजिम भएको मानिने र अव उप्रान्त अघिल्लो आर्थिक वर्ष जस्तै रूपैया पाँच लाख सम्मको मात्रै सोझै खरिद गर्नेगरी नियमावली संशोधन गर्ने ।

३. मिति २०७९ भाद्र २५ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय नं. १६ मा गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ बमोजिम गठन भएको परियोजना कार्यान्वयन सहजीकरण समिति हेरफेर/ पुनर्गठन गर्ने ।

४. मिति २०७९ असोज १४ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय नं. ६ बमोजिम कार्यालयसँग विमल चौतारी संस्थाले सम्झौता गरी पेश्की स्वरूप रूपैयाँ दुईलाख पचास हजार भुक्तानी लगेकोमा उक्त संस्थाले हालसम्म सम्झौता बमोजिमको कार्य शुरू नगरेको र समयमानै सो काम सम्पन्न गर्न नसक्ने देखिएकाले उक्त संस्थालाई प्रदान गरिएको पेश्की रकम कार्यालयमा दाखिला गर्न लगाउने ।

५. आगामी कार्यपालिकाको बैठक मिति २०७९/१०/१० गते बस्नेगरी तय गर्ने ।

-0-